घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ४३ औं बैठक**

मिति २०७६/१२/१०

<u>निर्णयहरु</u>

१. विश्वव्यापी रूपमा फैलिरहेको महामारी नोभल कोरोना भाइरस (COVID 19) यस गाउँपालिका क्षेत्रभित्र भित्रिन र फैलिन नदिन तथा संकास्पद व्यक्तिहरूको निगरानी र उपचारको व्यवस्था समेत मिलाउनको लागि यस गाउँपालिकामा देहाय बमोजिमको स्थानीय समन्वय समिति गठन गर्ने ।

<u>देहाय</u>

| | |
|---|---|
| गाउँपालिकाका अध्यक्ष | संयोजक |
| गाउँपालिकाका उपाध्यक्ष | सहसंयोजक |
| वडा अध्यक्षहरू | सदस्य |
| कार्यपालिकाका सदस्यहरू | सदस्य |
| गाउँपालिका भित्रका सबै स्वास्थ संस्थाका प्रमुख | सदस्य |
| सुक्रम थकाली वडा नं. १ | सदस्य |
| कल्पना ज्वारचन वडा नं. २ | सदस्य |
| अम्मर थकाली वडा नं. ३ | सदस्य |
| मिमकूमारी शेरचन वडा नं. ४ | सदस्य |
| जमुना थापा मगर वडा नं. ५ | सदस्य |
| घरपझोङ गाउँपालिकाको रेडक्रस प्रतिनिधि | सदस्य |
| स्वास्थ्य संयोजक | सदस्य सचिव |

२. विश्वव्यापी रूपमा फैलिरहेको महामारी नोभल कोरोना भाइरस (COVID 19) यस गाउँपालिका क्षेत्रभित्र भित्रिन र फैलिन नदिन तथा संकास्पद व्यक्तिहरूको निगरानी र उपचारको व्यवस्था समेत मिलाउनको लागि प्रत्येक वडाहरूमा कम्तिमा एक वटा समन्वय समिति गठन गर्न लेखी पठाउने ।

३. विश्वव्यापी रूपमा फैलिरहेको महामारी नोभल कोरोना भाइरस (COVID 19) यस गाउँपालिका तथा मुस्ताङ जिल्लामै भित्रिन र फैलिन नदिन मुस्ताङ जिल्लामा अविलम्ब हवाई तथा स्थलमार्गको सवारी आवागमन बन्द गर्ने तथा अत्यावश्यक बाहेकका सबैखाले

मानव आवागमन बन्द गरी मुस्ताङ जिल्लालाई अर्को सूचना नभएसम्मको लागि Locked Down गर्न जिल्ला प्रशासन कार्यालय, मुस्ताङलाई लेखी पठाउने ।

४. विश्वव्यापी रूपमा फैलिरहेको महामारी नोभल कोरोना भाइरस (COVID 19) यस गाउँपालिकामा भित्रिन र फैलिन नदिन सबै वडाबासीहरूलाई आफ्नो घर घरमै self-Quarantine मा प्रभावकारी रूपमा बस्न तथा अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कनको लागि सबै वडा कार्यालयहरूमार्फत् आम सर्वसाधारणलाई जानकारी गराउने । यस कार्यमा आवश्यकता अनुसार सबै गाउँ मुखियाहरूको समेत सहयोग लिने ।

५. यस गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुलाई COVID 19 को संक्रमणबाट आम जनताहरूलाई जोगाउन प्रभावकारी रूपमा कार्यसम्पादन गर्नको लागि निर्देशन दिने ।

६. गाउँ कार्यपालिकाको कार्यालयमा समेत स्वास्थ्य जाँच गर्ने हेल्प डेस्क राख्ने र यसको संयोजन स्वास्थ्य शाखाले गर्ने ।

७. यस गाउँपालिका अन्तर्गत तपसिल बमोजिमको स्थानीय जनस्वास्थ्य आपतकालीन व्यवस्थापन उप समिति गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद पौडेल | संयोजक |
| एकराज बस्नेत (मार्फा स्वास्थ्य चौकी) | सदस्य |
| संगिता थकाली (जोमसोम स्वास्थ्य चौकी) | सदस्य |
| भिषण थकाली (जोमसोम सरसफाई तथा खानेपानी उपभोक्ता समिति) | सदस्य |
| आइतबहादुर थकाली (पशु चिकित्सक) | सदस्य |
| सरिता थकाली (अधिकृत स्तर) | सदस्य |
| प्रतिनिधि नेपाल रेडक्रस सोसाइटीः मुस्ताङ शाखा | सदस्य |
| प्रतिनिधीः नेपाल प्रहरीः जिल्ला प्रहरी कार्यालय, मुस्ताङ | सदस्य |
| कर्ण बहादुर थकाली (सि.अ.हे.व. अधिकृत) | सदस्य सचिव |

८. यस गाउँपालिका अन्तर्गत देहाय बमोजिमको द्रुत प्रतिकार्य तथा आपतकालीन टोली (Rapid Response Team- RRT) गठन गर्ने ।

देहाय

| | |
|---|---|
| कर्णबहादुर थकाली (स्वास्थ्य संयोजक) | संयोजक |
| एकराज बस्नेत (मार्फा स्वास्थ्य चौकी) | सदस्य |
| संगिता थकाली (जोमसोम स्वास्थ्य चौकी) | सदस्य |

सस्मिता थकाली (मार्फा स्वास्थ्य चौकी) सदस्य

काली श्रेष्ठ (जोमसोम स्वास्थ्य चौकी) सदस्य

९. संलग्न बमोजिमको गाउँपालिका स्तरीय आधारभूत तह परीक्षा तथा कार्यक्रम सञ्चालनको आर्थिक मापदण्ड, २०७६ स्वीकृत गर्ने ।

१०. संलग्न बमोजिमको ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने ।

११. संलग्न बमोजिमको घरपझोङ गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७६ स्वीकृत गर्ने ।

१२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको परियोजना प्रस्ताव सम्बन्धमा देहायका विद्यालयहरूबाट प्राप्त हुन आएका प्रस्तावहरूलाई स्वीकृत गरी सम्बन्धित निकायहरूमा पठाउने ।

देहाय

| विद्यालय | परियोजनाको नाम | अनुमानित लागत |
|---|---|---|
| जनवाल मा.वि. | पुस्तक खरिद समेत | १५ लाख |
| जनकल्याण आ.वि. | कक्षाकोठा व्यवस्थापन, फर्निचर तथा रंगरोगन | १० लाख |
| जनहित मा.वि. | प्राविधिक प्रयोगशाखा स्थापना र सञ्चालन | २५ लाख |